DeKalb County
School District

# 2021-2022 को High Achievers Magnet Program (उच्च उपलब्धि हासिल गर्ने विद्यार्थीहरूको म्याग्नेट कार्यक्रम)

## योग्यता तथा निरन्तरतासम्बन्धी निर्देशिकाहरू

**DeKalb County School District** ले अभिभावकहरूलाई आफ्नो बच्चाका घरका अध्ययन अनुभवहरूका साथसाथै विद्यालयका क्रियाकलापहरूमा स्वैच्छिक रूपमा सहभागी हुन प्रोत्साहित गर्छ ।

- **प्राथमिक विद्यालय कार्यक्रमको योग्यता:** High Achievers Magnet Program का सबै आवेदकहरूले फलका मुख्य विषयहरूमा 3.0 (वा उच्च) ग्रेड पोइन्ट औसत (GPA) ल्याएको हुनुपर्छ । ग्रेड 4 - 6 मा जाने DeKalb का विद्यार्थीहरूले विद्यालय वर्ष 2020-2021 मा लिइएको आधारभूत M.A.P जाँचको पठन विषयमा अनिवार्य रूपमा 75 औं (वा उच्च) शतांश, गणित विषयमा 75 औं (वा उच्च) शतांश पनि ल्याउनु पर्दछ । DeKalb County School District विद्यालयमा भर्ना नभएका सबै विद्यार्थीहरूले पनि विद्यालय वर्ष 2020-2021 मा लिइएको आधारभूत M.A.P. मूल्याङ्कनको पठन विषयमा 75 औं (वा उच्च) शतांश, गणित विषयमा 75 औं (वा उच्च) शतांश ल्याउनुपर्छ ।
- **प्राथमिक विद्यालय कार्यक्रमको निरन्तरतासम्बन्धी निर्देशिका:** उच्च उपलब्धि प्राप्त गर्ने विद्यार्थीको म्याग्रेट कार्यक्रममा भर्ना हुने प्राथमिक विद्यालयका विद्यार्थीहरूले प्रत्येक वर्षको कार्यक्रम भर मुख्य विषयहरूमा 3.0 (वा उच्च) ग्रेड पोइन्ट औसत (GPA) कायम राख्नुपर्छ । शैक्षिक प्रदर्शनसम्बन्धी मापदण्ड कायम नराख्ने विद्यार्थीहरूलाई एउटा सेमेस्टरको लागि परीक्षणकालमा राखिनेछ । परीक्षणकाल अवधिभरि शैक्षिक प्रदर्शनको मापदण्ड भन्दा कम GPA प्राप्त गरेका कुनै पनि विद्यार्थीलाई सहायता योजनाहरू प्रदान गरिनेछ । अभिभावकहरू सबै सम्मेलनहरूमा उपस्थित हुनु जरुरी हुन्छ । दुईवटा लगातारको ग्रेडिङ अवधि वा दुई सेमेस्टरहरू पछि 3.0 GPA नल्याउने विद्यार्थीहरूले म्याग्नेट कार्यक्रम छोड्नुपर्छ र तिनीहरू आफ्नो गृह विद्यालयमा भर्ना हुनुपर्छ । **विद्यालय वर्षको कुनै पनि समयावधिमा विद्यार्थीले प्रमोसनको मापदण्ड पूरा गर्दैनन् भने विद्यार्थीलाई म्याग्नेट कार्यक्रमबाट हटाइनेछ र गृह विद्यालयमा फिर्ता पठाइनेछ ।**

DeKalb County
School District

- **माध्यामिक तथा उच्च विद्यालय कार्यक्रमको योग्यता:** High Achievers Magnet Program का सबै आवेदकहरूको फल सेमेस्टरका मुख्य विषयहरूमा 3.0 (वा उच्च) ग्रेड पोइन्ट औसत (GPA) ल्याएको हुनुपर्छ । ग्रेड 7-9 मा जाने DeKalb का विद्यार्थीहरूले विद्यालय वर्ष 2020-2021 मा लिइएको आधारभूत M.A.P जाँचको पठन विषयमा अनिवार्य रूपमा 75 औं शतांश (वा उच्च अङ्क), गणित विषयमा 75 औं शतांश (वा उच्च अङ्क) पनि ल्याउनु पर्दछ । DeKalb County School District विद्यालयमा भर्ना नभएका सबै विद्यार्थीहरूले पनि विद्यालय वर्ष 2020-2021 मा लिइएको आधारभूत M.A.P. मूल्याङ्कनको पठन विषयमा 75 औं (वा उच्च) शतांश, गणित विषयमा 75 औं (वा उच्च) शतांश ल्याउनुपर्छ । उच्च विद्यालयको High Achievers Magnet Programs का लागि आवेदन दिने विद्यार्थीहरूले पूर्व शर्तको रूपमा चाहिने ग्रेड तहका पाठ्यक्रमहरू सफलतापूर्वक पूरा गरेको पनि हुनुपर्छ ।
- **माध्यामिक तथा उच्च विद्यालय कार्यक्रमको निरन्तरतासम्बन्धी निर्देशिका:** उच्च उपलब्धि हासिल गरेका विद्यार्थीहरूको म्याग्नेट कार्यक्रममा भर्ना भएका माध्यामिक तथा उच्च विद्यालयका विद्यार्थीहरूले समग्रमा 3.0 वा उच्च ग्रेड पोइन्ट औसत (GPA), मुख्य विषयहरूमा न्यूनतम रूपमा 71 अङ्कको ग्रेड, र प्रत्येक सेमेस्टरमा प्रमोसनको मापदण्ड पूरा गर्नु पर्दछ । शैक्षिक प्रदर्शनसम्बन्धी मापदण्ड कायम नराख्ने विद्यार्थीहरूलाई एउटा सेमेस्टरको लागि परीक्षणकालमा राखिनेछ । अभिभावकहरू सबै सम्मेलनहरूमा उपस्थित हुनु जरुरी हुन्छ । शैक्षिक प्रदर्शनसम्बन्धी मापदण्ड पूरा नगर्ने विद्यार्थीको लागि सहायता योजनाहरू उपलब्ध गराइनेछ । समग्रमा 3.0 वा उच्च ग्रेड पोइन्ट औसत (GPA), मुख्य विषयहरूमा न्यूनतम रूपमा 71 अङ्कको ग्रेड कायम नगर्ने र लगातारका दुई सेमेस्टहरूमा प्रमोसनको मापदण्ड पूरा नगर्ने विद्यार्थीहरू म्याग्नेट कार्यक्रमबाट बाहिरिनु पर्दछ र उनीहरू घरको विद्यालयमा भर्ना हुनु पर्दछ । **विद्यालय वर्षको कुनै पनि समयावधिमा विद्यार्थीले प्रमोसनको मापदण्ड पूरा गर्दैनन् भने विद्यार्थीलाई म्याग्नेट कार्यक्रमबाट हटाइनेछ र गृह विद्यालयमा फिर्ता पठाइनेछ ।**
- **चिट्ठाको योग्यतामा दाजुभाइ दिदीबहिनीको प्राथमिकतासम्बन्धी निर्देशिका:** जुम्ल्याहा/तिम्ल्याहा दाजुभाइ दिदीबहिनीहरू मात्र विद्यार्थी छनौटको चिट्ठा प्रक्रियामा एकसाथ सहभागिता हुन सक्छन् । यसका साथै, प्राथमिकता प्राप्त गर्न दुबै दाजुभाइ तथा दिदीबहिनीहरूले योग्यतासम्बन्धी मापदण्ड पूरा गरेको हुनुपर्छ ।
- **नोट: आवेदकले म्याग्नेट कार्यक्रमको सिटको प्रस्ताव अस्वीकार गर्दा, विद्यार्थी अर्को खुला भर्ना कार्यक्रमसम्म म्याग्नेट कार्यक्रमको प्लेसमेन्टको लागि आवेदन दिन योग्य हुने छैनन् ।**
- शैक्षिक वर्ष 2020-2021 मा पहिलो पटक सञ्चालन भएको M.A.P. जाँचबाट **आधारभूत M.A.P. अङ्क** लिइएको हो ।

DeKalb County School District

## 2021-22 Special Interest Magnet Program
## योग्यता तथा निरन्तरतासम्बन्धी निर्देशिकाहरू

**DeKalb County School District** ले अभिभावकहरूलाई आफ्नो बच्चाका घरका अध्ययन अनुभवहरूका साथसाथै विद्यालयका क्रियाकलापहरूमा स्वैच्छिक रूपमा सहभागी हुन प्रोत्साहित गर्छ ।

- **प्राथमिक विद्यालय कार्यक्रमको योग्यता:** Special Interest Magnet Programs (अर्थात्, गणित, विज्ञान, प्रदर्शनी कला, प्रविधि आदि) का आवेदकहरूले फल सेमेस्टरमा अनिवार्य रूपमा मुख्य विषयहरूमा 80 को औसत (3.0 GPA) ल्याएको हुनु पर्दछ । प्रि-किन्डरगार्टन र किन्डरगार्टनका विद्यार्थी आवेदकहरूले योग्यतासम्बन्धी मापदण्ड पूरा गर्नुपर्दैन ।
- **प्राथमिक विद्यालय कार्यक्रमको निरन्तरतासम्बन्धी निर्देशिका:** Special Interest Magnet Program मा भर्ना भएका प्राथमिक तहका विद्यार्थीले शैक्षिक वर्षभरि नै मुख्य विषयहरूमा 80 (3.0 GPA) को औसत कायम गर्नु पर्दछ । शैक्षिक प्रदर्शनसम्बन्धी मापदण्ड कायम नराख्ने विद्यार्थीहरूलाई एउटा सेमेस्टरको लागि परीक्षणकालमा राखिन्छ । परीक्षणकालको अवधिभरि 3.0 भन्दा कम GPA भएका विद्यार्थीहरूलाई सहायता योजनाहरू प्रदान गरिनेछ । अभिभावकहरू सबै सम्मेलनहरूमा उपस्थित हुनु जरुरी हुन्छ । दुईवटा लगातारका ग्रेडिङ अवधि वा दुई सेमेस्टरहरूको अन्त्यमा समग्रमा 80 को औसत (3.0 GPA) कायम नगर्ने विद्यार्थीहरूले म्याग्नेट कार्यक्रम छोड्नुपर्छ र तिनीहरू आफ्नो गृह विद्यालयमा भर्ना हुनुपर्छ । **विद्यालय वर्षको कुनै पनि समयावधिमा विद्यार्थीले प्रमोसनको मापदण्ड पूरा गर्दैनन् भने विद्यार्थीलाई म्याग्नेट कार्यक्रमबाट हटाइनेछ र गृह विद्यालयमा फिर्ता पठाइनेछ ।**
- **माध्यामिक तथा उच्च विद्यालय कार्यक्रमको योग्यता:** सबै आवेदकहरूले फल सेमेस्टरका मुख्य विषयहरूमा अनिवार्य रूपमा 3.0 वा उच्च ग्रेड पोइन्ट औसत ल्याउनु पर्दछ ।

DeKalb County
School District

- **माध्यामिक तथा उच्च विद्यालय कार्यक्रमको निरन्तरतासम्बन्धी निर्देशिका:** Special Interest Magnet Program मा भर्ना भएका माध्यामिक तथा उच्च विद्यालयका विद्यार्थीहरूले वर्षभरि नै समग्रमा 3.0 वा उच्च ग्रेड पोइन्ट औसत (GPA), मुख्य विषयहरूमा न्यूनतम रूपमा 71 अङ्कको ग्रेड, र प्रमोसनको मापदण्ड पूरा गर्नु पर्दछ । शैक्षिक प्रदर्शनसम्बन्धी मापदण्ड कायम नराख्ने विद्यार्थीहरूलाई एउटा सेमेस्टरको लागि परीक्षणकालमा राखिनेछ । अभिभावकहरू सबै सम्मेलनहरूमा उपस्थित हुनु जरुरी हुन्छ । शैक्षिक प्रदर्शनसम्बन्धी मापदण्ड पूरा नगर्ने विद्यार्थीको लागि सहायता योजनाहरू उपलब्ध गराइनेछ । समग्रमा 3.0 ग्रेड पोइन्ट औसत, मुख्य विषयहरूमा न्यूनतम रूपमा 71 अङ्कको ग्रेड कायम नगर्ने र लगातारका दुई ग्रेडिङ अवधि वा दुई सेमेस्टहरूको अन्त्यमा प्रमोसनको मापदण्ड पूरा नगर्ने विद्यार्थीहरू म्याग्नेट कार्यक्रमबाट बाहिरिनु पर्दछ र उनीहरू घरको विद्यालयमा भर्ना हुनु पर्दछ । **विद्यालय वर्षको कुनै पनि समयावधिमा विद्यार्थीले प्रमोसनको मापदण्ड पूरा गर्दैनन् भने विद्यार्थीलाई म्याग्नेट कार्यक्रमबाट हटाइनेछ र गृह विद्यालयमा फिर्ता पठाइनेछ ।** **नोट:** म्याग्नेट कार्यक्रममा भर्ना भएका विद्यार्थीहरूले म्याग्नेट क्रेडिट वा म्याग्नेट कार्यक्रमको डिप्लोमा सिल हासिल गर्नका निम्ति अनिवार्य रूपमा म्याग्नेट वा कलेज स्तरका स्वीकृत पाठ्यक्रमहरू पूरा गर्नु पर्दछ ।
- **DeKalb School of the Arts कार्यक्रमको निरन्तरतासम्बन्धी निर्देशिका (ग्रेड 8 – 12): भर्ना भएका सबै विद्यार्थीहरूले** अनिवार्य रूपमा समग्रमा 3.0 वा उच्च ग्रेड पोइन्ट औसत (GPA) कायम गर्नु पर्दछ, सबै विषयहरूमा 71 अङ्कको औसत, र प्रमोसनको मापदण्ड पूरा गर्नु पर्दछ । शैक्षिक प्रदर्शनसम्बन्धी मापदण्ड कायम नराख्ने विद्यार्थीहरूलाई एउटा सेमेस्टरको लागि परीक्षणकालमा राखिनेछ । अभिभावकहरू सबै सम्मेलनहरूमा उपस्थित हुनु जरुरी हुन्छ । शैक्षिक प्रदर्शनसम्बन्धी मापदण्ड पूरा नगर्ने विद्यार्थीको लागि सहायता योजनाहरू उपलब्ध गराइनेछ । समग्रमा 3.0 वा उच्च ग्रेड पोइन्ट औसत (GPA), सबै विषयहरूमा न्यूनतम रूपमा 71 अङ्कको ग्रेड कायम नगर्ने र लगातारका दुई ग्रेडिङ अवधि वा दुई सेमेस्टहरूको अन्त्यमा प्रमोसन हुने मापदण्ड पूरा नगर्ने विद्यार्थीहरू म्याग्नेट कार्यक्रमबाट बाहिरिनु पर्दछ र उनीहरू घरको विद्यालयमा भर्ना हुनु पर्दछ । विद्यार्थीहरूले प्रत्येक विद्यालय वर्षमा दुई प्रदर्शन क्रेडिटहरू पनि पूरा गर्न आवश्यक हुन्छ । **विद्यालय वर्षको कुनै पनि समयावधिमा विद्यार्थीले प्रमोसनको मापदण्ड पूरा गर्दैनन् भने विद्यार्थीलाई म्याग्नेट कार्यक्रमबाट हटाइनेछ र गृह विद्यालयमा फिर्ता पठाइनेछ ।**

DeKalb County
School District

- **Arabia Mountain High School कार्यक्रमको निरन्तरतासम्बन्धी निर्देशिकाहरू – भर्ना भएका सबै विद्यार्थीहरूले** अनिवार्य रूपमा एउटा निश्चित पहिरन लगाउनु पर्दछ, सामुदायिक सेवामा 20 घण्टा बिताउनु पर्दछ, समग्रमा 3.0 वा उच्च ग्रेड पोइन्ट औसत (GPA), सबै विषयहरूमा न्यूनतम रूपमा 71 को ग्रेड कायम गर्नु पर्दछ र शैक्षिक वर्षभरि नै प्रमोसनको मापदण्ड पूरा गर्नु पर्दछ । सिनियरहरूले आफ्नो अध्ययनको मुख्य विषयसँग सम्बन्धित विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित (STEM) परियोजना पनि पूरा गर्नुपर्छ । विद्यार्थीहरू शैक्षिक प्रतिस्पर्धामा सहभागी हुनुपर्छ र विद्यार्थी सङ्गठनहरू र/वा क्लबहरूमा सहभागी हुनुपर्छ । अभिभावकहरूले प्रत्येक विद्यालय वर्षमा अभिभावकीय संलग्नता सेवामा 10 घण्टा बिताउनु पर्दछ । शैक्षिक प्रदर्शनसम्बन्धी मापदण्ड कायम नराख्ने विद्यार्थीहरूलाई एउटा सेमेस्टरको लागि परीक्षणकालमा राखिनेछ । अभिभावकहरू सबै सम्मेलनहरूमा उपस्थित हुनु जरुरी हुन्छ । शैक्षिक प्रदर्शनसम्बन्धी मापदण्ड पूरा नगर्ने विद्यार्थीको लागि सहायता योजनाहरू उपलब्ध गराइनेछ । समग्रमा 3.0 वा उच्च ग्रेड पोइन्ट औसत (GPA), सबै विषयहरूमा न्यूनतम रूपमा 71 अङ्कको ग्रेड कायम नगर्ने र लगातारका दुई ग्रेडिङ अवधि वा दुई सेमेस्टहरूको अन्त्यमा प्रमोसन हुने मापदण्ड पूरा नगर्ने विद्यार्थीहरू म्याग्नेट कार्यक्रमबाट बाहिरिनु पर्दछ र उनीहरू घरको विद्यालयमा भर्ना हुनु पर्दछ । विद्यार्थीहरूले प्रत्येक विद्यालय वर्षमा दुई प्रदर्शन क्रेडिटहरू पनि पूरा गर्न आवश्यक हुन्छ । **विद्यालय वर्षको कुनै पनि समयावधिमा विद्यार्थीले प्रमोसनको मापदण्ड पूरा गर्दैनन् भने विद्यार्थीलाई म्याग्नेट कार्यक्रमबाट हटाइनेछ र गृह विद्यालयमा फिर्ता पठाइनेछ ।**
- **चिट्ठाको योग्यतामा दाजुभाइ दिदीबहिनीको प्राथमिकतासम्बन्धी निर्देशिका:** जुम्ल्याहा/तिम्ल्याहा दाजुभाइ दिदीबहिनीहरू मात्र विद्यार्थी छनौटको चिट्ठा प्रक्रियामा एकसाथ सहभागिता हुन सक्छन् । यो निम्न ग्रेडको सिटमा आवेदन दिने आवेदकहरूका लागि लागू हुँदैन
  - DeKalb Elementary School of Arts को ग्रेड 4-7
  - DeKalb School of Arts (ग्रेड 8-12)
  - Arabia Mountain High School – जुम्ल्याहा/तिम्ल्याहा दाजुभाइ दिदीबहिनीलाई दिइने प्राथमिकताको लागि योग्य हुनका निम्ति जुम्ल्याहा/तिम्ल्याहा दाजुभाइ दिदीबहिनीले अनिवार्य रूपमा एउटै ग्रेड स्तर र एउटै कार्यक्रमको सिटको लागि आवेदन दिनुपर्छ । यसका साथै, प्राथमिकता प्राप्त गर्न दुबै दाजुभाइ तथा दिदीबहिनीहरूले योग्यतासम्बन्धी मापदण्ड पूरा गरेको हुनुपर्छ ।

**नोट:**

- **आवेदकले म्याग्नेट कार्यक्रमको सिटको प्रस्ताव अस्वीकार गरेको खण्डमा, उक्त विद्यार्थी अर्को खुला छनौट/चिट्ठा अवधि (स्प्रिङ 2022) सम्म म्याग्नेट कार्यक्रममा भर्नाका लागि आवेदन दिन सक्दैनन् ।**
- म्याग्नेट कार्यक्रममा भर्ना भएका विद्यार्थीहरूले म्याग्नेट क्रेडिट वा म्याग्नेट कार्यक्रमको डिप्लोमा सिल हासिल गर्नका निम्ति अनिवार्य रूपमा म्याग्नेट वा कलेज स्तरका स्वीकृत पाठ्यक्रमहरू पूरा गर्नु पर्दछ ।